छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत
२०७९।०८।१५

वैठक नं ८

आज मिति २०७९।०८।१५ गते बुधबार यस छत्रकोट गाउँकार्यपालिकाको वैठक यस गाउँपालिकाका अध्यक्ष श्री राम प्रसाद पाण्डेय ज्युको अध्यक्षतामा तपशिल वमोजिमका पदाधिकारीहरूको उपस्थितिमा निम्न अनुसारको प्रस्ताव माथी छलफल गरी देहाय अनुसारका निर्णय गरियो ।

**तपशिल**

| क्र.स. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री राम प्रसाद पाण्डेय | गाउँपालिका अध्यक्ष | | |
| २. | श्री सावित्रा ज्ञवाली | गाउँपालिका उपाध्यक्ष | | |
| ३. | श्री घनश्याम न्यौपाने | वडा नं १ वडा अध्यक्ष | | |
| ४. | श्री नरेन्द्र वहादुर पल्ली | वडा नं २ वडा अध्यक्ष | | |
| ५. | श्री तेजकान्त अर्याल | वडा नं ३ वडा अध्यक्ष | | |
| ६. | श्री गुणाकर ज्ञवाली | वडा नं ४ वडा अध्यक्ष | | |
| ७. | श्री राम प्रसाद कंडेल | वडा नं ५ वडा अध्यक्ष | | |
| ८. | श्री नारायण रेश्मी | वडा नं ६ वडा अध्यक्ष | | |
| ९. | श्री कमला ज्ञवाली | कार्यपालिका सदस्य | | |
| १०. | श्री देवकी पन्त | कार्यपालिका सदस्य | | |
| ११. | श्री भगवती न्यौपाने | कार्यपालिका सदस्य | | |
| १२. | श्री सावित्रा वि.क. | कार्यपालिका सदस्य | | |
| १३. | श्री चन्द्र वहादुर सार्की | कार्यपालिका सदस्य | | |
| १४. | श्री राम वहादुर वि.क. | कार्यपालिका सदस्य | | |
| १५. | श्री वीरवहादुर पुन | सदस्य सचिव | | |

अन्य उपस्थितीहरू

१. हरि ढकाल - प्रशासन अधिकृत
२. टिकाराम आचार्य - शिक्षा अधिकृत
३. ई. पुस्कर खनाल - इन्जिनियर
४. ई. कृष्ण भुसाल - सु.प्र.अ.
५. शोभा श्रेष्ठ - रोजगार संयोजक
६. श्री प्रेमलाल भण्डारी - लेखापाल
७. श्री हुमनाथ पन्थ - [illegible]
८. श्री टेक ब. खनाल - पशु सेवा प्राविधिक

रामप्रसाद पाण्डेय
अध्यक्ष

CamScanner

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

मिति २०७९।०८।१५ गते ८ औं गाउँकार्यपालिका वैठकका **प्रस्ताव** तथा निर्णयहरू

प्रमुख प्रशासकीय अधिकृत

१. अघिल्लो कार्यापालिका वैठकमा भएका निर्णय कार्यन्वयन समिक्षा सम्वन्धमा ।
२. छत्रकोट गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्नका लागि जग्गा प्राप्ति सम्बन्धमा ।
३. छत्रकोट गाउँपालिका भित्रका घर नजिक रहेका रुखहरु कटान गर्ने सम्वन्धमा ।
४. छत्रकोट गाउँपालिका भित्रका सडकहरुरको सडक मापदण्ड सम्वन्धमा ।
५. गाउँपालिकाभित्रका सडकहरुरमा सडक नाली निर्माण गर्ने सम्बन्धमा।
६. जलवायु अनुकुलन कार्यक्रम संचालनको लागि वडा छनौट सम्बन्धमा।
७. सुन्तला पकेट क्षेत्र र बाख्रा पकेट क्षेत्र छनौट सम्बन्धमा।
८. सुन्तला महोत्सव सहयोग सम्बन्धमा।
९. विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धमा।
१०. भू-उपयोग क्षेत्र वर्गिकरण सम्बन्धमा।
११. विपद् प्रभावित व्यक्ति परिवारलाई राहत वितरण तथा आर्थिक सहयोग सम्बन्धी मापदण्ड २०७९ मस्यौदा सम्बन्धमा।
१२. छत्रकोट गाउँपालिका असहाय स्वास्थ्य सहायता कोष संचालन कार्यविधि २०७४ संशोधन सम्बन्धमा।
१३. चिलिङ सेन्टर स्थापनाको लागि वडा छनौट गर्ने सम्बन्धमा।
१४. पशुपंक्षी बीमामा अनुदान सम्बन्धमा।
१५. लक्ष्मी आधारभूत विद्यालयको सिंडिमा रेलिङ्को लागि बजेट व्यवस्थापन सम्बन्धमा।
१६. प्राविधिक प्रोत्साहन भत्ता सम्वन्धमा

**निर्णय नं १**

मिति २०७९।०७।१४ गतेको गाउँकार्यपालिका वैठकवाट भएका ७ वटा निर्णयहरू मध्ये वार्षिक समिक्षा गर्ने निर्णयबाहेका सबै निर्णयहरु कार्यन्वयन भएको पाइयो ।

**निर्णय नं २**

**यस छत्रकोट गाउँपालिकाको प्रशासकिय भवन निर्माण गर्नकोलागि गुल्मी जिल्ला वडा नं ३ मा रहेको राष्ट्रिय वन क्षेत्र प्रयोग ( ०.३०४८ हेक्टर र १२८ वटा रूख हटाउन) प्रस्ताव म.प.वै.स.२९/०७९ मिति २०७९।०७।१६ गतेको मन्त्रिपरिषद वैठकको निर्णय तथा नेपाल सरकार वन तथा वातावरण मन्त्रालय वन तथा भु संरक्षण विभाग पं.स.०७९।८० चं.न.४७५ मिति २०७९।०८।११ गतेको सो क्षेत्र प्रयोग गर्न तथा सो जग्गा मा रहेका रूखहरू हटाउने सम्वन्धमा प्रस्तावकले वन एन २०७६ को दफा ४२ को**

रामप्रसाद पाण्डेय
अध्यक्ष

CamScanner

मिति २०७९।०८।१५ गते ८ औं गाउँकार्यपालिका वैठकका प्रस्ताव तथा निर्णयहरू

उपदफा (२) ,(५) ,(६) र (७) तथा वन नियमावली २०७९ को नियम ९०(४) ,९१,९३,९५,९६,९७, र ९८ वमोजिमको कार्य शर्त पुरा गरी सम्झोताकोलागि सम्पर्क गर्न हुन भनि गरिएको पत्र अनुसार माथि उल्लेखित कार्य शर्त पुरा गराइ सम्झोताको प्रक्रिया अगाडि वढाउने निर्णय गरियो । साथै गाउँपालिकाको प्रशासनिक भवनकोलागि भोगाधिकार प्राप्त गर्ने जोडिएको वन क्षेत्रको अतिकम्रण भएमा अतिक्रमण भएको जग्गा हटाउनकोलागि गाउँपालिकाले अवश्यक समन्वयात्मक पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

छत्रकोट गाउँपालिका भित्रका घर नजिक रहेका घरलाई असर गर्ने तथा सम्भावित जोखिम सिर्जना गर्ने खालका रुख विरुवाहरु (आवास देखि १५ मिटर क्षेत्र भित्र रहेका) कटान गरि हटाउन सम्बन्धित जग्गा धनिलाई रुख हटाउन र निर्धारित समयमा त्यस्ता रुख नहटाएमा जग्गा धनिले रुख कटानको लागत व्यहोर्ने गरि गाउँपालिकाले कटान गर्ने निर्णय गरियो।साथै सोको कार्यान्वयनको लागि ३५ दिने सूचना समेत प्रकाशित गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

छत्रकोट गाउँपालिकाको सडक मापदण्ड अधिकार क्षेत्र निर्धारण कार्यविधी निर्माणको लागि मस्यौदा तयार गर्न विधायन समितिलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं ५**

प्रधानमन्त्री रोजगार कार्यक्रमवाट आयोजना छनौट गर्दा गाउँपालिका भित्रका सडकहरुमा सडक नाली निर्माण गर्ने आयोजनालाई प्राथमिकता दिने निर्णय गरियो।साथै उक्त कार्यमा अदक्ष जनशक्ति प्रधानमन्त्री रोजगार कार्यक्रमवाट र दक्ष जनशक्ति तथा आवश्यक सामाग्रीहरु गाउँपालिकावाट उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं ६**

जलवायु अनुकुलन कार्यक्रम संचालनको लागि वडा छनौट गर्नको लागि गाउँपालिका अध्यक्षलाई अधिकार दिने निर्णय गरियो।

**निर्णय नं ७**

सुन्तला पकेट क्षेत्र कार्यक्रम संचालन गर्नको लागि वडा नं ३ हर्दिनेटाको काउले काभ्रे क्षेत्रलाई छनौट गर्ने निर्णय गरियो।साथै बाख्रा पकेट क्षेत्र कार्यक्रम संचालन गर्नको लागि वडा २ पल्लिकोटलाई छनौट गर्ने निर्णय गरियो।

रामप्रसाद पाण्डेय
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

गाउँ कार्यपालिकाको कार्यालय
छत्रकोट गाउँपालिका
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

मिति २०७९।०८।१५ गते ८ औं गाउँकार्यपालिका वैठकका **प्रस्ताव** तथा निर्णयहरू

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं ८**

सुन्तला महोत्सव कार्यक्रम संचालनको लागि अनमोल कृषक समुह,छत्रकोट ३ लुम्छालाई कार्य्रकम प्रस्तावना अनुसार **विभिन्न तालिम गोष्टी तथा कार्यक्रम खर्च** शिर्षकवाट वजेट सुनिश्चत हुने गरी रु ७५,००० अनुदान दिने निर्णय गरियो।

**निर्णय नं ९**

यस छत्रकोट गाउँपालिका अन्तर्गत रहेका विद्यालय व्यवस्थापन समिति गठन गर्न वाकि विधालयहरूले तत्तकालै गठन प्रक्रिया अगाडी वढाउन निर्देशन दिने निर्णय गरियो र उक्त गठन प्रक्रिया अगाडी वढाउनको लागि सम्बन्धीत वडाका जनप्रतिनिधीहरुले समन्वयात्मक पहल गर्न गराउनको लागि निर्देशन गरियो।

**निर्णय नं १०**

स्थानीय भूउपयोग परिषद् गठन गरि सो सम्वन्धमा तत्तकाल आवश्यक प्रक्रिया अगाडि वढाउने निर्णय गरियो।

**निर्णय नं ११**

विपद् प्रभावित व्यक्ति परिवारलाई राहत वितरण तथा आर्थिक सहयोग सम्बन्धी मापदण्ड २०७९ सर्वसम्मतिमा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं १२**

छत्रकोट गाउँपालिका असहाय स्वास्थ्य सहायता कोष संचालन कार्यविधि २०७४ मा देहाय बमोजिम संशोधन निर्णय गरियो।

**संसोधन हुने दफा**

दफा ६ को (१) को (ख) मा अन्य रोगको हकमा गाउँ कार्यपालिकाको निर्णय गरि भन्ने सट्टामा गाउँपालिकाको अध्यक्षको तोकादेश बमोजिम हुने निर्णय गरियो।

**निर्णय नं १३**

आ.व २०७९।८० को सशर्त अनुदान अन्तर्गतको चिलिङ सेन्टर स्थापना गर्नको लागि वडा नं.१ हुँगा लाई छनौट गर्ने निर्णय गरियो।

रामप्रसाद पाण्डेय
अध्यक्ष

CamScanner

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

मिति २०७९।०८।१५ गते ८ औं गाउँकार्यपालिका वैठकका **प्रस्ताव** तथा निर्णयहरू

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं १४**

छत्रकोट गाउँपालिका भित्रका गाई,भैसिं भेडा वाख्रा वंगुर तथा कुखुरालाई विमा गरेवापत कुल विमाङ्क रकमको ८० प्रतिशत बीमा शुल्क रकम नेपाल सरकारले अनुदान दिएकोमा कृषकले तिर्नुपर्ने २० प्रतिशत बीमा शुल्क रकम मध्ये १० प्रतिशत बीमा शुल्क रकम कृषकले तिर्ने र १० प्रतिशत बीमा शुल्क रकम गाउँपालिकाले अनुदान दिने निर्णय गरियो।साथै उक्त अनुदान रकम यही आ.व.७९।८० मा बीमा गरेको पोलिसि पेपरको आधारमा भुक्तानी दिईनेछ।

**निर्णय नं १५**

छत्रकोट गाउँपालिका वडा नं ३ लक्ष्मी आधारभूत विद्यालयको सिंडिमा रेलिङ्ग निर्माणको प्राविधिक स्टेमेट अनुसार स्रोत सुनिश्चित गरी रु २,५०,०००।– वजेट विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं १६

यस छत्रकोट गाउँपालिका कार्यरत प्राविधिक कर्मचारीहरूलाइ मिति २०७९ श्रावण महिना देखी लागु हुने गरी तपशिल वमोजिम मासिक प्राविधिक फिल्ड भत्ता उपल्वध गराउने निर्णय गरियो।

तपशिल

| क्र.स. | पद | फिल्ड भत्ता | कैफियत |
|---|---|---|---|
| १ | इन्जिनियर | ६०००। | फिल्ड कितावमा अनिवार्य भर्नुपर्ने |
| २ | सव इन्जिनियर | ५५००। | |
| ३ | सव असिन्टेण्ट | ४५००। | |

रामप्रसाद पाण्डेय
अध्यक्ष